भागेश्वर गाउँपिलका

# स्थानीय राजपत्र

## भाग-२

## शीत भण्डार (Cold Store )संचालन तथा व्यस्थापन कार्यविधि,२०७९

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२७**

**प्रस्तावनाः** कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई उपयुक्त तापक्रम र सापेक्षित आद्रता भएको कक्षमा निश्चित समय सम्म भण्डारण गरि बजारको माग अनुसार बजारमा आपूर्ति गर्ने तथा उत्पादन उपरान्त हुने नोक्सानीलाई कम गरि कृषकको आम्दानि बढाउने उद्देश्यले स्थानीयतह र साझेदार संस्थाको संयुक्त लगानी तथा लागत साझेदारीमा निर्माण भएका शित भण्डार गृह (cold store) हरुको हस्तान्तरण, प्रभावकारी संचालन,दिगो व्यस्थापन गर्न वान्छनीय भएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि भागेश्वर गाउपालिकाले यो कार्यविधि बनाएकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१.**संक्षिप्त नाम प्रारम्भ र बिस्तार**

(१) यस कार्यविधिको नाम " शित भण्डार संचालन तथा व्यस्थापन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि ३० मेट्रिक टन भन्दा बढी क्षमताका शित भण्डार गृहहरुको हकमा लागु हुनेछ ।

(३) यो कार्यविधि भागेश्वोर गाउपालिका भरि लागु हुनेछ ।

(४) यो कार्यविधि भागेश्वर गा.पा.को राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कृषि उपजहरु" भन्नाले कृषकहरुले उत्पादन गरेर बजार पुर्ब सुरक्षित भण्डार गर्नुपर्ने आलु. तरकारी, फलफुल, बिउ बिजन आदि सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले सुदुरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ग) "गा.पा." भन्नाले भागेश्वर गा.पा.लाई सम्झनु पर्छ ।

(घ) "शितभण्डार गृह" भन्नाले कृषि उपजहरुलाई निश्चित समय सम्म सुरक्षित भण्डारण गर्न सकिने सिंगलचेम्बर वा मल्टीचेम्बरयुक्त कक्ष सहितको संरचना सम्झनु पर्छ ।

(ङ) "सहकारी संस्था" भन्नाले शित भण्डारण संचालन बाट लाभान्वित हुने कृषकहरु आबद्ध रहेको स्थानीय सहकारी संस्था सम्झनु पर्छ ।

(च) "संचालक समिति" भन्नाले दफा ७ बमोजिमको शित भण्डार संचालक समिति सम्झनु पर्छ ।

(छ) "साझेदार संस्था" भन्नाले गा.पाको .स्वीकृत कार्यक्रम अनुसार निर्माण हुने भएका शित भण्डार गृहहरुमा कुल लागतको कम्तिमा तीस प्रतिशत लागत साझेदारी रहेका स्थानीय तह सम्झनु पर्छ ।

(ज) "सेवा शुल्क निर्धारण समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) " स्थानीय तह" भन्नाले शित भण्डार गृह अवस्थित रहेको सम्बन्धित स्थानीय तह सम्झनु पर्छ ।

## परिच्छेद-२

## शित भण्डार संचालन एवं  व्यवस्थापन

३.**शित भण्डार हस्तान्तरण :**(१) गा.पा.ले शित भण्डार गृहको निर्माण तथा जडान कार्य सम्पन्न गरे पश्चात सोको प्राबिधिक परिक्षण एवं मुल्यांकन गरि सम्बन्धित साझेदार संस्थालाई विधिवत हस्तान्तरण गर्नेछ ।

तर भागेश्वर  गा.पा.को एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु सम्बन्धित स्थानीय तहका समुह, संस्था र सहकारीलाई हस्तान्तरण गर्दा त्यस्तो शित भण्डारको स्वामित्व स्थानीय  तहमा नै रहने गरि भोगाधिकार मात्र हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण भएका शितभण्डार गृहको दिगो संचालन, व्यवस्थापन, रेखदेख तथा मर्मत संभार सम्बन्धि सम्पूर्ण दायित्व र जिम्मेवारी साझेदार संस्थाको हुनेछ ।

(३) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीयतहको एकल लगानीमा निर्माण भएका शित भण्डार सम्बन्धित स्थानीय तह/साझेदार संस्थाले स्थानीयतहबाट भोगाधिकार प्राप्त गरेकोमा यस कार्यविधि बमोजिम कार्य नगरेमा जुनसुकै बखत स्थानीयतहले भोगाधिकार फिर्ता लिन सक्नेछ ।

**(४) "स्वामित्व हुने** : यस कार्यविधि बमोजिम स्थानीयतहको एकल लगानीमा निर्माण सम्पन्न हुने वा भएका शित भण्डार गृहहरु बाहेक अन्य शितभण्डार गृहको सम्पति माथिको स्वामित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

**(५) "साझेदारको नाम उल्लेख गर्नु पर्ने** : यस कार्यविधि बमोजिम निर्माण भएका शित भण्डार गृहमा साझेदार हरुले गरेको लगानी अंश र नाम समेत उल्लेख गरि देख्ने स्थानमा राख्नु पर्ने छ ।

(६) **कृषि उपज भण्डारण:** (१) शितभण्डार बिशेष गरि आलु,तरकारी र फलफुल लगायतका कृषि उपज हरु भण्डारण गरिनेछ ।

(२) शीत भण्डारमा कृषि उपजहरुलाई नेपाल सरकारको स्वीकृत पोष्टहार्भेष्ट प्रोटोकल अनुसार निर्धारित तापक्रम ,सापेक्षित आद्रता एवं उपयुक्त हावाको संचार कायम गरि निश्चित समय सम्म भण्डारण गर्नु पर्नेछ ।

७.**शित भण्डार संचालक समिति गठन ; (१)** सम्बन्धित साझेदार संस्थाले शितभण्डार गृहको नियमित संचालन व्यस्थापन तथा नियमन गर्ने देहाय बमोजिम एक संचालक समिति गठन गर्नेछ :-]

| | |
|---|---|
| (क) गा.पा. उपाध्यक्ष | -अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| (घ) अध्यक्ष स्थानीय सहकारी संघ | -सदस्य |
| (ङ) सम्वन्धित संस्था, फर्म, सहकारी संस्थाको प्रमुख वा अध्यक्ष | -सदस्य |
| (च) कृषक प्रतिनिधि (व्यवसायिक कृषक/कृषि उद्यमी | -सदस्य |
| (छ) कृषि शाखा प्रमुख भागेश्वर.गा.पा. | -सदस्य सचिव |

(२)संचालक समितिमा कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(३) संचालक समितिका सबै सदस्यहरु साझेदार संस्था प्रति उत्तरदायी हुनु पर्नेछ ।

(४) संचालक समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **संचालक समितिको काम कर्तव्य र अधिकार** : संचालक समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) शितभण्डार गृहको नियमित संचालन व्यवस्थापन रेखदेख तथा मर्मत संभारको लागि आवश्यक प्रवन्ध मिलाउने,

(ख) कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण, गुणस्तर प्रवर्द्धन र बजार आपूर्तिको लागि सहज र सर्वसुलभ व्यवस्था मिलाउने,

(ग) शित भण्डार गृहसंग सम्बन्धित समग्र व्यवस्थापन र दैनिक प्रशासनिक कामको जिम्मेवारी सहित संचालक समितिको निर्देशन बमोजिमको कार्य सम्पादन गर्ने एक जना योग्य एवं सक्षम व्यवस्थापक नियुक्त गर्ने,

(घ) शितभण्डारको नियमित एवं प्रभावकारी संचालन र सेवा प्रवाहको लागि आवश्यक पर्ने प्राविधिक जनशक्तिको नियुक्ति एवं व्यवस्थापन गर्ने,

(ङ) सेवा शुल्क निर्धारण समितिले निर्धारण गरेको शुल्क लिई कृषकहरुलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(च) सेवा शुल्क बाफत प्राप्त आम्दानि र खर्चको सहि किसिमले लेखा जोखा राख्ने र परिचालन गर्ने,

(छ) शित भण्डारको लागि आवश्यक सबै किसिमका श्रोत साधनहरु जुटाउने,

(ज) स्थानीय तहले निर्देशन गरे बमोजिमका कार्यहरु गर्ने ।

९. **सेवा शुल्क निर्धारणः** (१) शित भण्डार गृह मार्फत कृषक/कृषि उद्यमि/व्यवसायीहरुलाई सेवा प्रदान गरे बाफतको सेवा शुल्क निर्धारण गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछ :-

| | |
|---|---|
| (क) अध्यक्ष, भागेश्वर गाउपालिका | -संयोजक |
| (ख) उपाध्यक्ष, भागेश्वर गाउपालिका | -सदस्य |
| (ग) प्रमुख, कृषि ज्ञान केन्द्र | -सदस्य |
| (घ) संयोजकबाट मनोनित कृषक प्रतिनिधि एक जना महिला सहित तीन जना | -सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (च) शितभण्डार संचालन गर्ने व्यक्ति, फर्म, संस्थाको प्रमुख | -सदस्य |
| (च) कृषि शाखा प्रमुख | - सदस्य सचिव |

(२)सेवा शुल्क निर्धारण समितिको सदस्य संख्या आवश्यकता र औचित्यताको आधारमा थप घट गर्न सकिने छ ।

(३)सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मान्नु पर्नेछ ।

(क) शितभण्डार गृहको सेवा बाफत शुल्क निर्धारण गर्दा सम्बन्धित जिल्ला वा स्थानीय तहमा रहेको निजि लगानीमा संचालन हुने जुनसुकै शितभण्डारहरुले निर्धारण गरेको भन्दा बढी शुल्क नहुने गरि सहुलियतपूर्ण तरिकाले निर्धारण गर्नु पर्ने हुन्छ यस्तो शुल्क सबैले देख्ने गरि सम्बन्धित शितभण्डार गृहको हाताभित्र राख्नु पर्नेछ ।

(ख) सहकारी संस्था, स्थानीय कृषक एवं कृषि उद्यमी/व्यवसायीलाई दिईने भण्डारण तथा सेवा शुल्क निर्धारण गर्दा मुख्य गरि संचालन खर्च, व्यवस्थापन खर्च र मर्मत संभार खर्चको मात्र लेखाजोखा एवं विश्लेषण गर्नु पर्ने छ उक्त शुल्क निर्धारण गर्दा शुरु पुजी लगानीको अंशलाई आधार मानिने छैन ।

(ग) जिल्ला बाहिरका व्यवसायी तथा अन्य कृषि उपज संकलनकर्ताको हकमा भने शुरु पुंजी लगानीलाई समेत विश्लेषण गरि शुल्क निर्धारण गर्न सकिने छ ।

(घ) समितिले सेवा शुल्क निर्धारण गर्नका लागि आवश्यकता अनुसार बिज्ञ तथा परामर्शदाताको सहयोग लिन सक्नेछ ।

(ङ) सेवा शुल्क वापत प्राप्त आम्दानीलाई साझेदार संस्थाको स्वीकृतिमा संचालक समितिले शित भण्डार गृहको नियमित संचालन व्यवस्थापन रेखदेख मर्मत संभार तथा स्तरोन्नति गर्न खर्च गर्नु पर्ने छ ।

(४) सेवा शुल्कको निर्धारण हरेक आर्थिक बर्ष शुरु भएको १ महिना भित्र गरिसक्नु पर्नेछ ।

(५) सेवा शुल्क निर्धारण समितिले शुल्क निर्धारण गरि स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्नु पर्ने छ । कार्यपालिकाबाट सेवा शुल्क स्वीकृत भएपश्चात लागु हुनेछ ।

## परिच्छेद-३
## बिबिध

१०. **सेवा प्रवाहः** शितभण्डार मार्फत सेवा प्रवाह गर्दा सम्बन्धित स्थानीय तह र जिल्ला भित्रका कृषक एवं कृषि उद्यमी/ब्यवसायिहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

११. **सुरक्षा तथा बिमाको व्यवस्था :** स्थानीय तहले आवश्यक मापदण्ड/कार्यविधि बनाई शितभण्डारमा भण्डारण गरिने कृषि उपजहरुको बिमा लगायतका सुरक्षण उपायहरु अपनाउनु पर्नेछ ।

१२. **नियमानुसार दर्ता हुनु पर्नेः** साझेदार संस्थाले प्रचलित कानुन अनुसार तोकेको निकायमा दर्ता प्रक्रिया पुरा गरि शित भण्डार संचालन गर्नुपर्नेछ ।

१३.**अनुगमन सम्बन्धि व्यवस्थाः** सम्बन्धित स्थानीय तहले शित भण्डार र यसका सम्पूर्ण गतिविधिहरुको अनुगमन गरि आवश्यक पृष्ठपोषण तथा निर्देशन दिन सक्नेछ ।

१४. **लेखा परिक्षणः** (१) शित भण्डार संचालनको क्रममा हुन गएको आम्दानि खर्चको लेखा राख्ने सो को नियमित लेखा परिक्षण गराउने व्यवस्था संचालक समितिले गर्नु पर्नेछ ।

(२) बार्षिक आय व्यय तथा लेखापरिक्षण प्रतिबेदनको प्रतिलिपि स्थानीयतहमा अनिवार्य बुझाउनु पर्नेछ ।

१५. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेंमा कार्यविधिको मर्म बिपरित नहुने गरि गाउँपालिकाले बाधा अड्काउ फुकाउनु सक्नेछ ।

**१६. विविध :** संसोधन गर्न सक्ने : यस कार्यविधिमा आवश्यकता गाउँकार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

**आज्ञाले**
खगेन्द्र भारती
प्रमुख प्रशासकीय अधिकृत
भागेश्वर गाउँपालिका